# प्रदेशसभा निर्वाचन २०७९ पछि कोशी प्रदेशमा संघीयता कार्यान्वयन




DEMOCRACY RESOURCE CENTER

# प्रदेशसभा निर्वाचन २०७९ पछि कोशी प्रदेशमा संघीयता कार्यान्वयन

अंकलाल चलाउने | चिरन मानन्धर

DEMOCRACY
RESOURCE CENTER

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)

प्रदेशसभा निर्वाचन २०७९ पछि कोशी प्रदेशमा संघीयता कार्यान्वयन

प्रकाशन वर्ष २०८० (सन् २०२३)

अंकलाल चलाउने | चिरन मानन्धर

*प्रकाशक*
डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
कुपण्डोल, ललितपुर
फोन : ०१-५९०२२८६
इमेल : info@democracyresource.org
www.democracyresource.org

डीआरसीएन आवधिक प्रतिवेदन – २२
सर्वाधिकार © डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)

लेआउट/आवरण सज्जा : किशोर प्रधान

# विषयसूची


१. परिचय १

२. प्रदेशसभा निर्वाचन २०७९ को परिणाम १

३. प्रदेश सरकार गठन र विघटन २

वैधानिकताको विवादमा सरकार ४

संविधानको धारा १६८ को उपधारा ५ प्रयोग ५

४. अस्थिर सरकारका कारण बजेट शून्यता ६

५. प्रदेशको कार्यसञ्चालन अवस्था ७

प्रदेशसभाको कार्य ७

संक्रमणकालीन संरचनामै कार्यसञ्चालन ८

६. नामकरण र त्यसबाट उत्पन्न विवाद ११

पहिचानका लागि युवा दस्ता गठन १३

आन्दोलनको नेतृत्व १४

आन्दोलनभित्र नामकरणको अन्तर्विरोध १४

दलमा आन्दोलनको असर १५

७. संघीयता कार्यान्वयनमा सम्भावित परिदृश्यहरू १६

# धन्यवाद

प्रदेशसभा निर्वाचन २०७९ पछि कोशी प्रदेशमा संघीयता कार्यान्वयनबारे अध्ययनको क्रममा अन्तरवार्ता गरिएका राजनीतिक दलका प्रतिनिधि, कोशी प्रदेशसभाका सदस्य, कोशी प्रदेश सरकारका मन्त्री, प्रदेश तहमा कार्यरत कर्मचारी, पहिचान पक्षधर अभियन्ता, स्थानीय पत्रकार, प्राध्यापक र नागरिकप्रति डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) आभार व्यक्त गर्दछ। स्थलगत र अद्यावधिक सूचना तथा सुझाव उपलब्ध गराई सहयोग गर्नु हुने राजु अधिकारीप्रति गुणग्राही छौँ। प्रतिवेदनको सम्पादन गर्ने चन्द्रशेखर पराजुली र लेआउट तथा डिजाइन गर्ने किशोर प्रधानप्रति डीआरसीएन आभारी छ।

द एसिया फाउन्डेशनले यो अध्ययनलाई आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरेको हो। यस प्रतिवेदनका सबै निचोड र विश्लेषण डीआरसीएनको अध्ययनमा आधारित छन् र तिनले सहयोगी संस्थाको धारणा प्रतिबिम्बित नगर्न सक्छन्।

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
कुपण्डोल, ललितपुर

# १. परिचय

प्रदेशसभा निर्वाचन भएको वर्ष दिन नपुग्दै कोशी प्रदेशमा पाँच पटक सरकार गठन भयो । सरकार फेरबदलका लागि अपनाइएका हत्कण्डा र प्रक्रियाबारे जनस्तरमा आलोचना त भएकै छ, संवैधानिक प्रश्नहरू पनि उठेका छन् । यसैबीच प्रदेशसभाको दुई तिहाइ बहुमतबाट पारित कोशी प्रदेश नामकरणको विषय पनि विवादास्पद बन्यो । अर्कोतर्फ, प्रदेश सरकारले संघीयताको मर्मबमोजिम र जनअपेक्षाअनुरूप कार्य गर्न नसकेको आक्षेप पनि छँदैछ । प्रदेश सरकारका चुनौती यथावत नै छन् । अस्थायी संरचनामार्फत् थोरै कर्मचारी लिएर सीमित ऐनकानूनको परिधिमा कार्यसञ्चालन गरेको प्रदेशमाथि धेरै अपेक्षा राख्नु मनासिव नहुने तर्क गर्नेहरू पनि छन् ।

यस परिप्रेक्ष्यमा कोशी प्रदेशमा उत्पन्न अस्थिर सत्ता राजनीति र त्यसबाट उत्पन्न जटिलतालाई केलाउने प्रयासस्वरूप यो अध्ययन गरिएको हो ।  यसका लागि काठमाडौँ र कोशी प्रदेशका मोरङ, झापा, इलाम र पाँचथर जिल्लामा विभिन्न राजनीतिक दलका प्रतिनिधि, प्रदेशसभा सदस्य, प्रदेश सरकारका मन्त्री, प्रदेश तहमा कार्यरत कर्मचारी, प्रदेश नामकरण विरुद्धका अभियन्ता, पत्रकार, प्राध्यापक र नागरिकसँग अन्तर्वार्ता गरिएको थियो । साथै, विषयसँग सम्बन्धित विभिन्न पूर्वप्रकाशित पुस्तक, प्रतिवेदन तथा पत्रपत्रिकामा प्रकाशित सामग्री पनि अध्ययनका क्रममा उपयोग गरिएको थियो ।

# २. प्रदेशसभा निर्वाचन २०७९ को परिणाम

मंसिर २०७९ मा सम्पन्न निर्वाचनमा कोशी प्रदेशसभाको ९३ सिटमध्ये ४० सिट प्राप्त गरी नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) [नेकपा (एमाले)] ठूलो दल बन्यो । दोस्रो ठूलो दल बनेको नेपाली काँग्रेसले २९ सिट पायो । त्यस्तै, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) [नेकपा (माओवादी केन्द्र)] ले १३ र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) [नेकपा (एकीकृत समाजवादी)] ले चार, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले छ, र जनता समाजवादी पार्टी नेपाल (जसपा) ले एक सिट जितेका थिए (हेर्नुहोस् तालिका १) । समग्रमा, स्पष्ट बहुमतका लागि आवश्यक ४७ सिट कुनै दलले पनि प्राप्त गर्न नसकेकाले कोशी प्रदेशसभा त्रिशङ्कु बनेको हो ।

**तालिका १ : २०७९ को निर्वाचनपछि कोशी प्रदेशसभामा दलगत प्रतिनिधित्व**

| राजनीतिक दल | प्रतिनिधित्व | | |
|---|---|---|---|
| | प्रत्यक्ष | समानुपातिक | जम्मा |
| नेकपा (एमाले) | २५ | १५ | ४० |
| नेपाली काँग्रेस | १७ | १२ | २९ |
| नेकपा (माओवादी केन्द्र) | ९ | ४ | १३ |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | २ | ४ | ६ |
| नेकपा (एकीकृत समाजवादी) | ३ | १ | ४ |
| जनता समाजवादी पार्टी | ० | १ | १ |
| **जम्मा** | **५६** | **३७** | **९३** |

*स्रोत : निर्वाचन आयोग नेपाल।*

## ३. प्रदेश सरकार गठन र विघटन

संविधानले प्रदेशसभालाई सरकार गठन गरी त्यसको निगरानी गर्ने अधिकार दिएको छ। यद्यपि प्रदेशसभाले यी कामहरू गर्दा दलका केन्द्रीय नेतृत्वको हस्तक्षेप बरोबर भोग्दै आएको छ। प्रदेश सरकार निर्माणका साथै प्रदेशसभा तथा प्रदेश सरकारका विभिन्न पदीय भागबण्डा र प्रदेशमा दूरगामी महत्त्वका निर्णयसमेत राजनीतिक दलका शीर्ष नेतृत्वको रुचिअनुसार हुने गरेको छ। यसले संघीयताको हित गर्दैन। तर प्रदेशसभाका सदस्यकै चाहनाबमोजिम पनि यस्ता कतिपय हस्तक्षेप हुने गरेको पाइन्छ।

प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचन २०७९ मा दलहरू चुनावी गठबन्धन र तालमेल गरेर निर्वाचनमा सहभागी भए। एकातर्फ, नेपाली काँग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) र राष्ट्रिय जनमोर्चा नेपाल (राजमो) सम्मिलित पाँच दलीय गठबन्धन निर्माण भयो। अर्कोतर्फ, नेकपा (एमाले), जसपा, राप्रपा, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल र नेपाल परिवार दलबीच चुनावी तालमेल भएको थियो। निर्वाचन परिणामपछि पाँच दलीय गठबन्धनलाई बहुमत प्राप्त भयो। तर संघ सरकारको नेतृत्व नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा वा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' मध्ये पहिले कसले गर्ने भन्ने सहमति हुन सकेन। आफूलाई प्रधानमन्त्री बनाउन नेपाली काँग्रेसले अस्वीकार गरेपछि दाहाल पुस १०, २०७९

मा नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीसँग सत्ता गठबन्धन गर्न पुगे।[१] त्यसपछि संघ र सातै प्रदेशमा प्राप्त हुने मुख्य अवसरलाई विशेषतः नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले आपसमा बाँडफाँट गरे। सोही क्रममा कोशी प्रदेश सरकारको नेतृत्व नेकपा (एमाले) ले गर्ने र प्रदेशसभाको सभामुख नेकपा (माओवादी केन्द्र) ले पाउने सहमतिअनुसार पुस २४ मा हिक्मतकुमार कार्की मुख्यमन्त्री नियुक्त भए। नेकपा (एमाले) संसदीय दलका नेता कार्की नेकपा (माओवादी केन्द्र), राप्रपा र जसपासहित प्रदेशसभाका ६० सदस्यको समर्थनमा मुख्यमन्त्री नियुक्त भए। नेपाली काँग्रेस र नेकपा (एकीकृत समाजवादी) प्रतिपक्षमा रहे।

नेकपा (एमाले) को सहयोगमा सत्तारोहण गरेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई प्रतिनिधिसभामा प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले पनि विश्वासको मत दिएपछि तत्कालीन सत्ता साझेदार दलहरू – नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीच अविश्वास बढ्न थाल्यो। राष्ट्रपतिको निर्वाचनमा नेपाली काँग्रेसका उम्मेदवार रामचन्द्र पौडेललाई नेकपा (माओवादी केन्द्र) सहितका दलले सघाउने सहमति भयो। त्यसबाहेक नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल र नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाबीच आलोपालो सरकारको नेतृत्व गर्ने समझदारी पनि भयो।[२] त्यसपछि नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) लगायतका दलको सत्ता सहयात्रा पनि टुङ्गियो। यसको असर प्रदेश सरकारसम्मै पुग्यो। फलस्वरूप कोशी प्रदेशमा नेकपा (एमाले) का हिक्मतकुमार कार्की नेतृत्वको प्रदेश सरकार असार १५, २०८० मा ढल्यो। त्यसपछि असार १८, २०८० मा संघीय सरकारमा सत्ता साझेदार दलहरूको बैठकले नेपाली काँग्रेसका संसदीय दलका नेता उद्धव थापालाई मुख्यमन्त्री बनाउने निर्णय गऱ्यो।[३] सोहीअनुसार असार २१, २०८० मा थापा मुख्यमन्त्री बने। उनलाई प्रदेशसभाका दलहरू – नेपाली काँग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र जनता समाजवादी पार्टी नेपालले समर्थन गरेका थिए। यी चारै दलको प्रदेशसभा सदस्यको सङ्ख्या जोड्दा बहुमतका लागि आवश्यक संख्या ४७ टुपुक्क पुग्थ्यो। तर, नेकपा (माओवादी केन्द्र) का बाबुराम गौतम सभामुख थिए। उनको समेत हस्ताक्षरमा बहुमत पुऱ्याएर उद्धव थापाले मुख्यमन्त्री दाबी गरेका

---

[१] ढकाल, अमित। २०७९। देउवाले प्रचण्डलाई धोका दिए, ओलीले देउवालाई। *सेतोपाटी*, पस १२। https://www.setopati.com/politics/290476 मा उपलब्ध; असोज १४, २०८० मा हेरिएको।

[२] बीसी, गंगा। २०८०। आलोपालोमा प्रधानमन्त्री बन्लान् माधव नेपाल ? *कान्तिपुर*, साउन २। https://ekantipur.com/news/2023/07/18/168964420421727616.html?author=1 मा उपलब्ध; असोज १४, २०८० मा हेरिएको।

[३] रातोपाटी। २०८०। कोशी प्रदेशमा काँग्रेसका उद्धव थापाको नेतृत्वमा सरकार बनाउने गठबन्धनको निर्णय। असार १८। www.ratopati.com/story/371780/uddhav-thapa मा उपलब्ध; असोज ९, २०८० मा हेरिएको।

थिए। निष्पक्ष भूमिकामा रहनुपर्ने सभामुख गौतमले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को दबाबमा हस्ताक्षर गरेको बताइन्छ।[४] त्यसपछिका सरकार गठनका लागि भएका प्रयासमा पनि दलका केन्द्रीय तहका नेतृत्वको रुचि र हस्तक्षेप प्रस्ट देखिन्छ।

## *वैधानिकताको विवादमा सरकार*

नेपाली काँग्रेसका उद्धव थापालाई मुख्यमन्त्री नियुक्त गर्न प्रदेश प्रमुखसमक्ष प्रस्तुत गरिएको पत्रमा सभामुख बाबुराम गौतमले समेत हस्ताक्षर गरेका थिए। तर, यस्तो दाबीपत्रलाई मान्यता दिई प्रदेश प्रमुखले मुख्यमन्त्री पदमा नियुक्त गरेकाले तत्सम्बन्धमा भए गरिएका काम कारवाहीहरू नेपालको संविधान प्रतिकूल देखिएको भन्दै सर्वोच्च अदालतले उत्प्रेषणको आदेशद्वारा बदर गऱ्यो। थापा साउन ११, २०८० मा पदमुक्त भए। उनलाई पुनः दोस्रो पटक साउन १७, २०८० मा मुख्यमन्त्रीमा नियुक्त गरियो।

यस पटक थापा मुख्यमन्त्री बन्दा सभामुखलाई राजीनामा गर्न लगाई आवश्यक बहुमत पुऱ्याइएको थियो। सभामुखले राजीनामा गरेकाले प्रतिपक्षी दल नेकपा (एमाले) बाट उपसभामुख भएकी सिर्जना दनुवारले प्रदेशसभा बैठकको अध्यक्षता गर्ने अनुमान गरिएको थियो। सत्तापक्षका सबै सांसदले विश्वासको मत दिंदा थापाको पक्षमा बहुमत पुग्थ्यो। तर विश्वासको मत लिने दिन उपसभामुख दनुवार अस्वस्थ भएको भन्दै प्रदेशसभाको बैठकमा उपस्थित भइनन्। सभामुख र उपसभामुख दुवैको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्न बढीमा पाँच जना सदस्य सभामुखले मनोनित गर्ने व्यवस्था *प्रदेश नं. १ को प्रदेशसभा नियमावली २०७४* मा छ। तर नेकपा (एमाले) र राप्रपाबाट त्यसरी मनोनित भएका सदस्यहरू पनि उक्त दिन बिदामा बसिदिए।[५] उपसभामुखले नेपाली काँग्रेसका इस्राइल मन्सुरीलाई बैठकको अध्यक्षता गर्ने जिम्मेवारी दिएकी थिइन्। मन्सुरीले बैठकको अध्यक्षता मात्रै गरेनन्, उनले मुख्यमन्त्री उद्धव थापालाई विश्वासको मतसमेत दिए। सदनको अध्यक्षता गर्ने व्यक्ति निष्पक्ष रहनुपर्ने संसदीय मान्यता पुनः तोडियो। त्यसविरुद्ध प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले) ले भदौ ६, २०८० मा सर्वोच्च अदालतमा रिट दर्ता गऱ्यो। उक्त रिट उपर भदौ २१,

[४] अधिकारी, दिपेन्द्र। २०८०। प्रदेश सरकारको 'रिमोट कन्ट्रोल' काठमाडौँमा, प्रदेश सरकार महिनौँसम्म अपूर्ण। *शिलापत्र*, साउन २५। https://shilapatra.com/detail/118571 मा उपलब्ध असोज १५, २०८० मा हेरिएको।

[५] कोशी प्रदेशसभा सञ्चालनका लागि सभामुख र उपसभामुखलाई सहयोग गर्न चार सदस्यीय अध्यक्ष मण्डल छ। त्यसका सदस्यहरू ज्येष्ठताका आधारमा क्रमश: प्रदेशसभा सदस्यहरू नेकपा (एमाले) की मालती सुब्बा, राप्रपाका अम्बरबहादुर विष्ट, नेपाली काँग्रेसका इस्राइल मन्सुरी र नेकपा (माओवादी केन्द्र) की गीता तिम्सिना हुन्।

२०८० मा सर्वोच्च अदालतले सुनुवाइ गर्दै मुख्यमन्त्रीमा थापाको नियुक्ति बदर गर्‍यो। साथै, संविधानको धारा १६८ को उपधारा ३ अनुसार सबैभन्दा ठूलो दलको नेतृत्वमा सरकार गठन गर्न परमादेश पनि दियो। त्यसपछि भदौ २२, २०८० मा नेकपा (एमाले) नेता हिक्मतकुमार कार्की दोस्रोपटक कोशी प्रदेशको मुख्यमन्त्री नियुक्त भएका थिए। मुख्यमन्त्रीमा नियुक्त भएको ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था छ तर आफूले विश्वासको मत पाउने संकेत नदेखेपछि उनले ३० दिन पुग्नै लाग्दा राजीनामा गरे।

## *संविधानको धारा १६८ को उपधारा ५ प्रयोग*

हिक्मतकुमार कार्कीले मुख्यमन्त्रीबाट राजीनामा दिएसँगै प्रदेश प्रमुखले संविधानको धारा १६८ को उपधारा ५ अनुसार बहुमत पुर्‍याउन सक्ने जोसुकै सदस्यलाई असोज २६, २०८० सम्म मुख्यमन्त्रीको दाबी पेश गर्न आह्वान गरे। सरकारको नेतृत्व कसले गर्ने भन्ने विषयमा नेपाली काँग्रेसभित्र अन्तरद्वन्द्व बढ्यो। नेपाली काँग्रेसमा मुख्यमन्त्रीका लागि उद्धव थापा र केदार कार्की आकांक्षी थिए।  डा. शेखर कोइराला पक्षधर केदार कार्कीलाई मुख्यमन्त्रीको रूपमा अगाडि सार्न नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले चाहेनन्। देउवा केन्द्रीय सत्ता गठबन्धनको प्रमुख दल नेकपा (माओवादी केन्द्र) का इन्द्र आङ्बोलाई मुख्यमन्त्री बनाउन भने राजी भए।[६] केन्द्रमा सत्ता साझेदार दलका शीर्ष नेतृत्वको निर्णयअनुसार नेकपा (माओवादी केन्द्र) का इन्द्र आङ्बोले प्रदेश प्रमुखसमक्ष मुख्यमन्त्रीमा दाबी पेश गरेका थिए। अर्कातिर, नेकपा (एमाले) को समर्थनमा नेपाली काँग्रेसका केदार कार्कीले पनि प्रदेश प्रमुख समक्ष मुख्यमन्त्री दाबी गरे। नेपाली काँग्रेसका सात सदस्यले कार्कीलाई समर्थन गरेका थिए। नेपाली काँग्रेसको प्रदेशसभा सदस्य विभाजित भएपछि प्रदेश प्रमुखले प्रदेशसभा सदस्यको हस्ताक्षर सनाखत गराएर केदार कार्कीलाई मुख्यमन्त्रीमा नियुक्त गरेका थिए। कार्कीले कात्तिक १, २०८० मा प्रदेशसभाबाट विश्वासको मत प्राप्त गरे। प्रदेशसभामा भएको मतदानमा कार्कीको पक्षमा ८६ मत परेको थियो भने विपक्षमा राप्रपाका पाँच सदस्य थिए। कार्कीले विश्वासको मत पाएसँगै कोशी प्रदेशमा सत्ताको संकट तत्काललाई टरेको छ। कुनै पनि दलले बहुमत प्राप्त गरेर सरकार गठन गर्न नसकिराखेको अवस्थामा कार्कीले नेकपा (एमाले) को समर्थनमा मध्यावधि निर्वाचन रोक्न मुख्यमन्त्रीमा दाबी गरेको बताएका थिए।[७]

---

[६] अधिकारी, हरि। २०८०। कोशीको मुख्यमन्त्रीको दोधार : एमाले रोज्ने कि गठबन्धन जोगाउने ? *अनलाइनखबर*, असोज २८। www.onlinekhabar.com/1381557/10/2023 मा उपलब्ध कात्तिक ४, २०८० मा हेरिएको।

[७] राई, अभयकुमार। २०८०। मध्यावधि चुनाव रोक्न मुख्यमन्त्रीमा दाबी पेश गरेँ : केदार कार्की। *देश सञ्चार*, असोज २५। https://deshsanchar.com/849118/12/10/2023/ मा उपलब्ध कात्तिक ४, २०८० मा हेरिएको।

## ४. अस्थिर सरकारका कारण बजेट शून्यता

कोशी प्रदेशमा सरकार गठन र विघटनको तत्काल असर प्रदेश सरकारको बजेट निर्माणमा परेको थियो । नेकपा (एमाले) का नेता हिक्मतकुमार कार्की नेतृत्वको सरकार असार १, २०८० मा बजेट ल्याउने तयारीमा थियो । आर्थिक मामिला तथा योजना मन्त्रालयको जिम्मेवारी पनि आफैले लिएका कारण कार्की बजेट निर्माणमा जोडतोडले लागेका थिए । त्यही समयमा जसपा र नेकपा (माओवादी केन्द्रले) ले समर्थन फिर्ता लिएपछि तत्कालीन मुख्यमन्त्री कार्की नेतृत्वको सरकार संकटमा पऱ्यो । प्रदेशसभाबाट बजेट पारित हुन सकेन । त्यसपछि मुख्यमन्त्री कार्कीले "माओवादीले गम्भीर धोका दिएको" टिप्पणी गरेका थिए । नेकपा (माओवादी केन्द्र) का तर्फबाट सरकारमा गएका मन्त्रीहरूको पनि उस्तै अभिव्यक्ति थियो । तीमध्येका एक मन्त्रीले भने, "बजेट आउने बेलामा सरकार छोड्नु गलत थियो । कम्तीमा बजेट ल्याएर पारित गरेपछि मात्रै सरकारबारे पार्टीले निर्णय गर्नु बढी परिपक्व कदम हुने थियो ।" आफू अल्पमतमा परेपछि तत्कालीन मुख्यमन्त्री कार्कीले सदन छलेर जेठ ३२, २०८० मा बजेटसम्बन्धी अध्यादेश सार्वजनिक गरेका थिए । जेठ ३१, २०८० मा संसद्को अधिवेशनको अन्त्य गरिएको थियो ।

नेपालको संविधानको धारा २०२ बमोजिम कुनै पनि अध्यादेश प्रदेशसभाको अधिवेशन नभएको समयमा अत्यावश्यक महसुस गरी ल्याइन्छ र प्रदेशसभाको अधिवेशन हुनासाथ बैठकमा पेश गरिन्छ । प्रदेशसभाले पास नगरे सो अध्यादेश निष्क्रिय हुन्छ । तर यसरी निष्क्रिय नभएमा र पास पनि नभएमा प्रदेशसभामा अध्यादेश पेश गरेको साठी दिनपछि स्वतः निष्क्रिय हुन्छ । मुख्यमन्त्री कार्कीले असार १४, २०८० मा प्रदेशसभामा बजेट अध्यादेश पेश गरेका थिए । तर, असार १५, २०८० मा प्रदेशसभाबाट विश्वासको मत नपाएपछि उनको सरकार ढल्यो । त्यसपछि नेपाली काँग्रेसका उद्धव थापाले कोशी प्रदेश सरकारको नेतृत्व गरे । अध्यादेश पेश भएको ६० दिनभित्र प्रतिस्थापन विधेयक प्रदेशसभाबाट पारित भई प्रमाणीकरण हुनुपर्ने संवैधानिक व्यवस्था छ । असार १४, २०८० मा कार्की नेतृत्वकै सरकार हुँदा नै बजेट अध्यादेश प्रदेशसभामा टेवल भएको थियो । कार्की नेतृत्वको सरकारले ल्याएको बजेट अध्यादेश अस्वीकार गर्दै प्रतिस्थापन विधेयक ल्याउने तयारी मुख्यमन्त्री उद्धव थापाले गरिराखेको थिए । तर यसैबीच सर्वोच्च अदालतले प्रदेश सरकार गठनको विरूद्ध परेको रिट निवेदनमाथि सुनुवाइ गर्दै मुख्यमन्त्री थापालाई काम चलाउ हैसियतमा खुम्च्याइदियो । सर्वोच्च अदालतले दीर्घकालीन महत्त्वका कुनै काम नगर्न भनेपछि सरकारलाई अध्यादेशमार्फत् बजेट ल्याउने बाटो बन्द भयो । यसरी पुरानो अध्यादेश ६० दिनपछि स्वतः

निष्क्रिय हुने र नयाँ पनि ल्याउन नपाउने अवस्थाले भदौ १०, २०८० राति १२ बजेपछि कोशी प्रदेश बजेट शून्यता (बजेट होलिडे) मा गएको थियो। बजेट शून्यताको अवधिमा कोषबाट व्ययभार पर्ने बाहेकका शीर्षकमा सरकारी कार्यालयहरूले कुनै पनि खर्च गर्न पाउँदैनन्।[८] संसद्बाट बजेट अनुमोदन गर्नुपर्ने संवैधानिक र कानुनी समयसीमाभित्र बजेट पारित नभएपछि कोशी प्रदेश सरकारलाई सीमित विषयमा बाहेक खर्च गर्न बन्देज लागेको थियो। कोशी प्रदेशमा अन्तर्वार्ता गरिएका कर्मचारीहरूका अनुसार अध्यादेश निष्क्रिय भएका कारण अन्य ऐन र नियमावलीले व्यवस्था गरेको बाहेकका शीर्षकमा राजस्व संकलन एवं खर्च भएन। यद्यपि, अनिवार्य दायित्वका खर्चहरू जस्तै कार्यालय सञ्चालनका लागि चाहिने बिजुली, खानेपानी, इन्धन, कर्मचारीको तलब-भत्ता, आदिमा हुने खर्च नरोकिएको उनीहरूले बताए। सर्वोच्च अदालतको परमादेशपछि कोशी प्रदेश सरकारको नेतृत्वमा दोस्रो पटक फर्किएका हिक्मतकुमार कार्कीले प्रदेशमा जारी बजेट शून्यता तोड्न अध्यादेशमार्फत् बजेट ल्याएका थिए। भदौ २५, २०८० मा उनको नेतृत्वको सरकारले पुनः बजेट अध्यादेश जारी गरेपछि प्रदेशमा बजेट विहीनता भने अन्त्य भयो।

## ५. प्रदेशको कार्यसञ्चालन अवस्था

### *प्रदेशसभाको कार्य*

प्रदेशसभाको मुख्य काम प्रदेश सरकारको गठन, त्यसको निगरानी र नेपालको संविधानको अनुसूची ६, ७ र ९ बमोजिमको अधिकार क्षेत्रअन्तर्गत कानून निर्माण हुन्। तर दोस्रो प्रदेशसभाको निर्वाचनपछि कोशी प्रदेशमा दलहरूबीच सत्ता सङ्घर्ष अत्यधिक भयो। यसले गर्दा प्रदेशको कार्यसञ्चालन गर्न अत्यावश्यक नीति नियम बन्न सकेका छैनन्। प्रदेशसभा नियमावली मस्यौदा समितिले प्रदेशसभा सञ्चालन नियमावलीको मस्यौदा तयार गरेर बुझाए पनि प्रदेशसभाले त्यसलाई पास गर्न सकेको छैन। प्रदेशसभा नियमावलीको अभावमा संसदीय समिति गठनको तयारीसमेत हुन सकेको छैन। प्रदेशसभा कार्यसञ्चालन नियमावली मस्यौदा समितिका संयोजकका अनुसार सरोकारवालाहरू छलफल गरेर, पहिलो कार्यकालमा सिकेको पाठसहितको आधारमा प्रदेशसभा सञ्चालन नियमावली मस्यौदा तयार पारी बुझाइएको छ। त्यसलाई टुङ्गोमा पुऱ्याउने दायित्व अब प्रदेशसभाको हो।

---

[८] बीबीसी नेपाली। सन् २०२१। बजेट विवाद : बजेट शून्यता के हो ? सरकारसँग खर्च गर्ने विकल्प के छ ? *बीबीसी नेपाली*, सेप्टेम्बर १५। www.bbc.com/nepali/news-58570098 मा उपलब्ध असोज १७, २०८० मा हेरिएको।

प्रदेश सरकार गठन गर्ने कार्यमा मात्र प्रदेशसभा अल्झिँदा सरकारको निगरानी तथा विधायिकी भूमिका कमजोर भएको छ । भदौ ६, २०८० सम्ममा कोशी प्रदेशसभाका बैठक २४ पटक मात्रै बसेको प्रदेशसभा सचिवालयको अभिलेखमा छ ।[९] पहिलो प्रदेशसभाको कार्यकाल प्रदेशको नामकरण नगरी समाप्त भयो । दोस्रो प्रदेशसभाले प्रदेशको नाम कोशी पारित गऱ्यो । तर नामकरण भएपश्चात पहिचान पक्षधर आदिवासी जनजाति समुदाय असन्तुष्ट छन् र कोशी नामकरण खारेजी एवं पहिचानको आधारमा प्रदेशको नामकरण हुनुपर्ने मागसहित आन्दोलन गरिरहेका छन् (यसबारे खण्ड ६ मा थप चर्चा गरिएको छ) ।

आफ्नो भूमिकामा खरो उत्रिन नसकेकोमा प्रदेशसभा सदस्यसमेत असन्तुष्ट छन् । नेपाली काँग्रेसका एक सदस्यले आफ्नो असन्तुष्टि पोख्दै भने, "म पहिलोपटक प्रदेशसभामा निर्वाचित भएर आएको हुँ । अब प्रदेशसभामा जनताका पक्षमा आवाज बुलन्द रूपमा उठाउँछु, प्रदेशका जल्दाबल्दा विषयमा गरमागरम बहसमा संलग्न हुन्छु भन्ने लागेको थियो । प्रदेश सरकार सञ्चालनका लागि कानून निर्माणमा खटिन्छु भन्ने सोच थियो । प्रदेशसभाको औचित्य यस्तै कामले स्थापित गर्दै लाने हो भन्ने लाग्छ । तर, अंक गणितको प्रतिकूलताकै कारण प्रदेशसभा सरकार निर्माणमा मात्रै प्रयोग भइरहेको छ । यसपटक संसद्‌बाट बजेटसमेत आउन सकेन । प्रदेश बजेट होलिडेमै गयो । यसले हामी सदस्यको प्रभावकारितामा समेत प्रश्न उठाएको छ ।" प्रदेश भित्रका विभिन्न समस्या उठाउने, त्यसको विषयमा छलफल गर्ने र सरकारको कामको निगरानी गर्ने थलो पनि हो प्रदेशसभा ।  तर गठन भएको करिब एक वर्ष हुन लाग्दा पनि सरकार बनाउने र गिराउने कार्यमै प्रदेशसभा बन्धक बन्दा विधायिकी र सरकारको निगरानी गर्ने कार्यमा यो प्रवेश नै गर्न सकेको छैन ।

## *संक्रमणकालीन संरचनामै कार्यसञ्चालन*

२०७२ मा संविधान जारी भएपश्चात् विधिवत रूपमा संघीयता कार्यान्वयनको थालनी भयो । मुलुकले संघीय प्रणाली अँगालेको आठ वर्ष भइसक्दा पनि कोशीलगायत अन्य प्रदेशले संघीय सरकारले व्यवस्था गरेको संक्रमणकालीन संरचनामार्फत् नै कार्यसञ्चालन गरिरहेका छन् । प्रशासनिक संघीयता कार्यान्वयन गर्न नेपाल सरकारले *कर्मचारी समायोजन ऐन,* २०७५ लागू गरेको थियो । यस ऐनबमोजिम संघमा कार्यरत कर्मचारीलाई संघ, प्रदेश र स्थानीय तहमा समायोजन गरिएको थियो । प्रदेश र स्थानीय तहमा *कर्मचारी समायोजन ऐन,*

[९] पहिलो अधिवेशनमा १३, दोस्रोमा छ र तेस्रोमा पाँच बैठक भएका थिए ।

२०७५ प्रभावकारी हुन सकेन। यस ऐनबमोजिम गठित कर्मचारी समायोजन समितिले संघमा दरबन्दी संख्या ४८,४०९, प्रदेशमा २२,२९७ र स्थानीय तहमा ६६,९०८ कायम गरेको थियो। संघ, प्रदेश र स्थानीय तहको कुल दरबन्दी १,३७,६१४ को ३५ प्रतिशत संघमा स्वीकृत गरियो जसको आधाभन्दा पनि कम १६ प्रतिशत मात्र सात प्रदेशका लागि छुट्ट्याइयो। कोशी प्रदेशमा समायोजन रोज्नेको संख्या २,४१५ मात्र थियो। विभिन्न समयमा प्रशासनिक पुनर्संरचना आयोगले दिएको सिफारिश र संघीयताको मर्मविपरीत संघमा धेरै दरबन्दी कायम गरियो। उच्च तहका प्रशासकहरू संघीय सेवामा नै बस्न चाहेकाले पनि त्यस्तो भएको थियो। प्रदेशमा संघीय सरकारका कर्मचारी काजमा खटाइने गरेको छ।[१०] यसरी काजमा आउने कर्मचारीको सरूवा छोटो समयमै हुने र उनीहरू पनि प्रदेश सरकारसँग भन्दा संघीय सरकारसँग बढी उत्तरदायी हुने गरेको प्रदेशसभाका एक सदस्यले बताए। प्रदेश सरकारका प्रमुख सचिव र सचिवहरू संघीय सरकारले खटाउने भएकोले प्रदेशमा ती कर्मचारी खटिएर कहिले आउने र सरुवा भएर कहिले जाने भन्ने कुरा जानकारी नहुनुका साथै त्यसरी खटिएका कर्मचारी बिदामा बसेको बारे पनि मुख्यमन्त्री तथा मन्त्रीलाई समेत थाहा नहुने गरेको बताइयो।

संघीय निजामती सेवा ऐनसँग प्रदेश निजामती सेवा ऐन नबाझिने गरी निर्माण गर्नुपर्ने भएकोले प्रदेशले सो ऐन बनाउन ढिला गरेको प्रदेशसभा सदस्यहरूले बताए। संघीय सरकारले व्यवस्था गरेको संरचना र कर्मचारीको तदर्थ प्रबन्धलाई प्रदेशको आवश्यकताअनुसार निर्माण गर्ने कार्यले गति लिन सकेको छैन। प्रदेशको संरचना साथै कर्मचारीको अभाव शुरूआती चरणकै जस्तो छ। मुख्यमन्त्री कार्यालयका एक सचिवका अनुसार कोशी प्रदेशमा करिब ४,२०० कर्मचारीको दरबन्दी छ। तर त्यसको आधा मात्र कर्मचारी अहिले कार्यरत छन्। प्रदेश संरचना स्थापना भएदेखि छ वर्षको अवधिमा बढीमा २,२०० कर्मचारी मात्र प्रदेशमा कार्यरत छन्। कर्मचारीको संख्या कम भएकोले कार्यबोझ बढी छ। प्रदेशका निकायहरूमा तल्लो तहका कर्मचारीलाई अधिकार दिएर कार्यालय प्रमुख बनाइएको छ। त्यसको परिणाम प्रदेश सरकारले राम्रोसँग कार्यसम्पादन गर्न सकेको छैन।

*कर्मचारी समायोजन ऐन, २०७५* बमोजिम प्रदेश एवं स्थानीय तहमा समायोजन हुन एक तह बढुवा वा ग्रेड थपको व्यवस्था गरी कर्मचारीलाई समायोजनमा आकर्षित गर्न खोजिएको थियो। तर यो प्रावधानले प्रायः सेवा निवृत्त हुन लागेका कर्मचारीलाई आकर्षण गरेको

[१०] डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल। २०७६। *संघीय संरचनामा प्रादेशिक निकायको स्थापना र कार्यसञ्चालन*। ललितपुर : डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल।

थियो ।[११] विशेषतः समायोजन प्रक्रियामा पाँचौँ तहबाट छैटौँ तहमा बढुवा भई आएका धेरै कर्मचारी निवृत्त हुने प्रक्रियामा रहेको कोशी प्रदेश सरकारका एक कर्मचारीले बताए। प्रदेश पर्यटन कार्यालय काँकरभिट्टामा समायोजन प्रक्रियामा पाँचौँ तहबाट छैटौँ तहमा बढुवा भई आएका तीन कर्मचारीले दुई वर्षको अवधिमा अनिवार्य अवकाश पाइसकेको उदाहरण पनि भेटियो।

तत्कालीन मुख्यमन्त्री शेरधन राईको कार्यकालमा नै प्रदेशको स्थायी संरचना र कर्मचारीबारे संगठन तथा व्यवस्थापन (ओएनएम) सर्वेक्षण गरिए पनि संघीय निजामती सेवा ऐन नबन्दा त्यसको कार्यान्वयन हुन सकेको छैन। अहिलेसम्म प्रदेशमा स्थायी संरचना नहुनुको कारणबारे प्रदेशसभाका एक सदस्यले भने, "सबैभन्दा पहिला संघीय निजमती ऐन आउनु पऱ्यो। कोशी प्रदेशले निजामती ऐन बनायो। त्यो संघको कानूनसँग बाझिँदा खारेज हुन्छ। दोस्रो कुरा, त्यो अनुसारको ओएनएम सर्वेक्षण गर्दा सापेक्षित रूपमा स्थायी प्रकृतिको संरचना बन्ने हो। तर, संघबाट कानून पनि नआइसकेको र हामीलाई हस्तान्तरण हुनुपर्ने निकायहरू सबै हस्तान्तरण नभइसकेकोले स्थायी खालको संरचना अहिलेसम्म बनेको छैन।" सातै प्रदेशको मानव तथा भौतिक विकास सूचांक फरक छन्। ती प्रदेशका जनसांख्यिक तथा भौगोलिक अवस्था पनि भिन्न छ। अहिले प्रदेशमा रहेका संरचना अस्थायी हुन्। ती केन्द्रीकृत राज्य तथा प्रशासन संरचना सञ्चालन गर्न स्थापना गरिएका थिए। संघीय प्रणालीलाई अवलम्बन गरेपछि सबै प्रदेशका आ-आफ्नो विशेषतालाई ध्यानमा राखेर प्रदेश संरचना शीघ्र सञ्चालन गर्नुपर्ने आवश्यकता टड्कारो रूपमा देखिएको छ।

पहिलो प्रदेशसभामा नेकपा (एमाले) का नेता भीमप्रसाद आचार्य नेतृत्वमा रहेको तत्कालीन प्रदेश सरकार ढलेपछि कात्तिक १६, २०७८ मा नेकपा (एकीकृत समाजवादी) का राजेन्द्र राई मुख्यमन्त्रीमा बने। नेपाली काँग्रेस, नेकपा (माओवादी केन्द्र) र जसपासमेत सहभागी गठबन्धन सरकारले मन्त्रालय संख्या बढाएर १३ पुऱ्याएको थियो। मन्त्रालय संख्या बढाउँदा तीव्र विरोध प्रकट गरेको नेकपा (एमाले) ले आफू दोस्रो प्रदेशसभापछि सत्तासीन हुनासाथ मन्त्रालयको संख्या घटाउने निर्णय गऱ्यो। पुस २५, २०७९ मा मुख्यमन्त्री पदको सपथ लिएपछि हिक्मतकुमार कार्की नेतृत्वको मन्त्रिपरिषदको पहिलो बैठकबाट मन्त्रालयको संख्या १३ बाट घटाएर नौमा झार्ने निर्णय गऱ्यो। उक्त निर्णयबारे तत्कालीन सरकारका एक मन्त्रीले

---

[११] डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल। २०७६। *संघीय संरचनामा प्रादेशिक निकायको स्थापना र कार्यसञ्चालन*। ललितपुर : डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल।

भने, "प्रदेश प्रारम्भिक अवस्थामा छ। यसै पनि प्रदेश सेतो हात्ती भयो भन्ने गुनासो अत्यधिक छ। त्यसमाथि पहिलेको गठबन्धन सरकारले दलहरूबीच भागबण्डा पुऱ्याउन मन्त्रालयको संख्या बढाएको थियो। प्रदेशमा सातदेखि नौ मन्त्रालय भए पुग्ने देखिन्छ। प्रदेशमा धेरै मन्त्रालय हुनु प्रदेशको आर्थिक स्रोतको अनावश्यक व्यय हुने देखेरै हामीले पहिलो बैठकबाटै मन्त्रालयको संख्या घटाएका हौँ। सकेसम्म थोरै स्रोतसाधनबाट धेरै काम लिनका लागि हामीले उक्त निर्णय लिएका थियौँ।"

## ६. नामकरण र त्यसबाट उत्पन्न विवाद

मंसिर ४, २०७९ मा सम्पन्न दोस्रो प्रदेशसभा निर्वाचनपश्चात् गठन भएको प्रदेशसभाको पहिलो अधिवेशन (१३ औँ बैठक) मै प्रदेश नं. १ को नामकरणको विषयले प्रवेश पायो। प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई ठूला दल नेपाल कम्युनिष्ट पार्टी नेकपा (एमाले) र नेपाली काँग्रेसबीच प्रदेश नं. १ को नाम 'कोशी' प्रदेश राख्ने सहमति भयो। पहिलो प्रदेशसभामा पनि नेकपा (एमाले) र नेपाली काँग्रेसले भूगोलका आधारमा प्रदेशको नामकरण गर्न चाहेका थिए। तर नेकपा (माओवादी केन्द्र) सहित साना दलहरू प्रदेशको नामकरण पहिचानको आधारमा गर्नुपर्ने अडानमा रहे। उनीहरूको साथबिना दुई तिहाइ मत नपुग्ने भएपछि नेपाली काँग्रेस र नेकपा (एमाले) रोकिएका थिए। २०७९ को प्रदेशसभा निर्वाचनको परिणामपश्चात् दुवै दल एक ठाउँमा उभिँदा दुई तिहाइ मत पुग्यो। नेकपा (माओवादी केन्द्र) र राप्रपा पनि कोशी नाम राख्न सहमत भए।[१२] तत्पश्चात् नेपालको संविधानको धारा २९५(२) बमोजिम फागुन १७, २०७९ मा प्रदेशको नाम कोशी राख्ने प्रस्ताव दर्ता गरियो।

प्रदेशको नामकरणका लागि प्रदेशसभा सचिवालयमा दुई प्रस्ताव पेश भएका थिए। नेकपा (एमाले) का प्रदेशसभा सदस्य रामबहादुर मगरले 'कोशी' नाम राख्ने प्रस्ताव राखेका थिए। उक्त प्रस्तावको समर्थक नेपाली काँग्रेसका भूमिप्रसाद राजवंशी र नेकपा (एमाले) का निरन राई थिए। उक्त प्रस्तावमा कोशी नामको सान्दर्भिकताबारे यसरी उल्लेख गरिएको छ :

> प्रदेशले आफ्नो नामकरण प्रदेशसभाबाट आफैले गर्नुपर्ने दायित्व पूरा गर्नका लागि यस प्रदेशमा विकसित भएका हिन्दू धर्म, बौद्ध धर्मको दर्शन, किरात सभ्यता, मिथिला सभ्यता, लिम्बूवान संस्कृति, विराट क्षेत्रको इतिहास, कोच संस्कार र संस्कृति

[१२] अधिकारी, हरि। २०७९। प्रदेश १ को नाम : काँग्रेस र एमाले मिल्दा पारित भयो कोशी। *अनलाइनखबर*, फागुन १७। www.onlinekhabar.com/2023/03/1270879 मा उपलब्ध; भदौ १३, २०८० मा हेरिएको।

> समेतलाई समेट्ने गरी तथा कोशी नदी र यसका शाखा नदीहरूमै ऐतिहासिक, धार्मिक तथा जातजाति, भाषा, सभ्यता र संस्कृतिको विकास भएकोले यस क्षेत्रको मूल आधारको रूपमा हिमालदेखि पहाड र तराईको भूभागमा कोशी नदी प्रवाहको क्षेत्रभित्रै सम्पूर्ण अवस्थाको वर्तमान र भावी विकास र समृद्धिसमेत जोडिएको हुनाले यस प्रदेशको नाम कोशी प्रदेश राख्न उपयुक्त ठानिएको छ।[१३]

त्यस्तै, नेकपा (एकीकृत समाजवादी) र जसपाले बहुपहिचानमा आधारित 'किरात-लिम्बूवान-सगरमाथा' प्रदेश नाम राख्ने प्रस्ताव दर्ता गरेका थिए । प्रस्तावकमा नेकपा (एकीकृत समाजवादी) का संसदीय दलका नेता राजेन्द्रकुमार राई र समर्थकमा उक्त दलकै कमलप्रसाद जवेगू तथा जसपाकी निर्मला लिम्बू थिए। उक्त प्रस्ताव ध्वनिमतका आधारमा प्रदेशसभाबाट अस्वीकृत भयो।

प्रदेशको नाम कोशी राख्ने प्रस्तावमा प्रदेश सरकारको नेतृत्व गरिरहेको नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), राप्रपा र प्रतिपक्षी नेपाली काँग्रेसका सहित ८२ सदस्यले मतदान गरेका थिए। यसरी प्रदेशसभामा तत्काल कायम रहेको सदस्य संख्याको दुई तिहाइ बहुमतबाट सोही दिन उक्त नाम पारित भयो। उक्त दिन "विराटनगरस्थित प्रदेशसभा आसपासका क्षेत्रमा ठूलो संख्यामा सुरक्षा बल परिचालन गरेर, प्रदेशसभाको प्रत्यक्ष प्रसारण बन्द गरेर अनि सीमितबाहेक अरू सांसदलाई थाहासमेत नदिई प्रस्ताव दर्ता भएको दुई घन्टामै प्रदेशको नाम कोशी राखिएको थियो।"[१४] यसरी हतारमा प्रदेशको नामकरण गर्दा आधारभूत लोकतान्त्रिक विधि तथा प्रक्रिया पालना हुन सकेको थिएन।

प्रदेशसभाबाट पारित नाम खारेज गरेर जातीय/समुदाय, भाषिक, साँस्कृतिक, भौगोलिक, क्षेत्रगत एवं ऐतिहासिक निरन्तरताको आधारमा पहिचानसहित प्रदेशको पुनःनामकरण गर्नुपर्ने माग राखेर आन्दोलन चलिरहेको छ। आन्दोलनका विविध गतिविधिमा प्रदेशसभाका कुल ९३ सदस्यमध्ये कोशी प्रदेश नामाङ्कनमा मतदान गर्ने ८२ जना प्रदेशसभा सदस्यहरूलाई बहिष्कार गर्ने, सरकारी कार्यालयमा लेखिएको कोशी प्रदेश नाम मेट्ने कार्य भइरहेको छ। प्रदेश नं. १ पुनःनामाङ्कन संयुक्त सङ्घर्ष समिति (समन्वय समिति) [यसपछि संयुक्त सङ्घर्ष

---

[१३] बाह्रखरी। २०७९। प्रदेश–१ को नाममा एमाले–काँग्रेस सहकार्य : कोशी प्रस्ताव। फागुन १७। https://baahrakhari.com/detail/380138 मा उपलब्ध; भदौ ११, २०८० मा हेरिएको।

[१४] अधिकारी, राजु। २०८०। काँग्रेस र माओवादीका सांसद भन्छन्- हतारमा कोशी नाम राखेर गल्ती भयो। *सेतोपाटी*, जेठ १४। www.setopati.com/politics/303022 मा उपलब्ध; भदौ ११, २०८० मा हेरिएको।

समिति भनिएको] ले आन्दोलनको नेतृत्व गरिरहेको छ । उक्त समितिले कोशी प्रदेश नाम खारेजीको माग गर्दै प्रदेशका तत्कालीन मुख्यमन्त्री हिक्मतकुमार कार्की र प्रदेशसभाका सभामुख बाबुराम गौतमलाई 'अल्टिमेटम' पत्र बुझाएका थिए ।

## *पहिचानका लागि युवा दस्ता गठन*

संयुक्त सङ्घर्ष समितिमार्फत् कोशी प्रदेशका १४ ओटै जिल्लामा पहिचानका लागि युवा दस्ता गठन भइरहेको बताइयो । असार २१, २०८० मा ताप्लेजुङमा संयुक्त दस्ता घोषणाअगाडि मार्चपास गरिएको थियो र सहभागीहरूले हातमा लाठी बोकेका थिए । त्यहाँ नवीन पोमुको संयोजकत्वमा ५०१ सदस्यीय संयुक्त जिल्ला दस्ता घोषणा भएको छ । त्यसअघि राजधानी उपत्यकामा २०१, ओखलढुंगामा १०१, तेह्रथुममा २०१, झापामा १५०१ सदस्यीय दस्ता बनाइएको थियो ।[१५] युवा दस्ता गठनमा सक्रिय एक नेताले यसको आवश्यकताबारे प्रस्ट्याए, "राज्यले पहिचान पक्षधरको आन्दोलनमाथि दमन गरेको छ । त्यसको प्रतिरोध तथा प्रतिकार गर्न हामीले पहिचानको लागि युवा दस्ता गठन गरेका हौँ । साथै, यसले आन्दोलनलाई व्यवस्थित र अनुशासित पनि बनाउन सहयोग गर्छ । आन्दोलनका शीर्ष नेतृत्व, आन्दोलनमा आएका फरक क्षमताका व्यक्ति, र ज्येष्ठ नागरिकलाई सहयोग र सुरक्षा दिने कार्य पनि यसले गर्छ ।" उनीहरूलाई चार फिटको लाठीसहित आत्मसुरक्षाको तालिम दिइएको र व्यवस्थित गर्न आचारसंहिता निर्माण गरिएको पनि बताइयो ।

संयुक्त सङ्घर्ष समितिको नेतृत्वले पहिचानको लागि युवा दस्ताको व्यवस्थापन, परिचालन तथा नियन्त्रण कसरी गर्छ भन्ने विषय महत्त्वपूर्ण छ । मोरङ जिल्लाका एक राजनीतिक विश्लेषकका अनुसार विगतमा 'लिम्बूवान भोलेन्टियर्स' को गतिविधि नेतृत्वको नियन्त्रणबाहिर गएर चन्दा असुली, कुटपिट जस्ता गतिविधिमा समेत केन्द्रित हुन पुग्यो । नेतृत्वले बेलैमा ध्यान नदिएमा पहिचानको लागि युवा दस्ता पनि त्यही दिशामा जानसक्छ । त्यसलाई सुरक्षा चुनौतीको रूपमा अर्थ्याएर राज्य दमनमा उत्रन सक्छ । त्यसैले पहिचान पक्षधर आन्दोलनको नेतृत्वकर्ता बढी जिम्मेवार र सजग हुनुपर्छ । नेपाली काँग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) तथा राप्रपाका नेताले पनि पहिचानका लागि युवा दस्ता कानूनको परिधिमा बसेर पहिचानको

[१५] अनलाइनखबर । २०८० । कोशी नाममा असन्तुष्टहरूको युवा दस्ता । साउन ७ । www.onlinekhabar.com/2023/07/1340591 मा उपलब्ध; असोज १६ २०८० मा हेरिएको । उकेरा । २०८० । झापामा पहिचानवादी समूहको शक्ति प्रदर्शन, १५०१ सदस्यीय युवा दस्ता घोषणा । भदौ ३० । https://ukeraa.com/news/detail/138928/ मा उपलब्ध; असोज १६ २०८० मा हेरिएको ।

मुद्दालाई तल्लो तहसम्म लैजाने संवाहकको रूपमा मात्र सीमित हुनुपर्ने बताए। अन्यथा यसले सुरक्षा चुनौती थप्ने उनीहरूले पनि स्वीकारे।

### *आन्दोलनको नेतृत्व*

विगतमा पहिचान पक्षधर दलहरू नै पहिचानसम्बन्धी आन्दोलनको नेतृत्वदायी भूमिकामा रहन्थे। पहिचान पक्षधर दलको रूपमा सक्रिय संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, संघीय लिम्बूवान पार्टी नेपाल, राष्ट्रिय जनमुक्ति पार्टी लगायतका दलभित्र भएको विभाजन र विग्रहले उनीहरूको परिचालन सामर्थ्य कमजोर भएको छ। हालको आन्दोलनमा पहिचान पक्षधर राजनीतिक दलका नेतृत्व छायाँमा परेका छन्। आन्दोलनको नेतृत्व संयुक्त सङ्घर्ष समितिले गरिरहेको छ। यसमा नेपाल आदिवासी जनजाति महासंघ, किरात याक्थुङ चुम्लुङ, किरात राई यायोक्खा, नेपाल शेर्पा संघ र पहिचान सहितको प्रदेश नं. १ पुनःनामाङ्कन अभियानसहित ४० भन्दा बढी सामाजिक तथा राजनीतिक दलका घटकहरू सामेल छन्। पहिचानको मुद्दालाई तल्लो तहसम्म पुऱ्याउन र आन्दोलनको तयारी गर्न किरात याक्थुङ चुम्लुङ, किरात राई यायोक्खा, नेपाल शेर्पा संघ, किरात धर्म तथा साहित्य उत्थान संघ जस्ता सामाजिक तथा धार्मिक संघसंस्थाले नेतृत्वदायी भूमिका खेलेका छन्। यद्यपि, आन्दोलनलाई निष्कर्षमा पुऱ्याउन र यसलाई थप गति दिन राजनीतिक नेतृत्वको भूमिकालाई कम आँक्न भने सकिँदैन।

### *आन्दोलनभित्र नामकरणको अन्तर्विरोध*

आन्दोलनको नेतृत्व गरेका विभिन्न सामाजिक तथा धार्मिक संघसंस्था प्रदेशको नामकरण कोशी खारेज गरेर पहिचानको आधारमा पुनःनामाङ्कन गर्नुपर्नेमा एक मत छन्। तर भविष्यमा पहिचानको आधारमा के नाम राख्ने भन्नेमा आन्दोलनकारीबीच फरक मत छ। आन्दोलनकारीबीच बहुपहिचानको आधारमा प्रदेशको नाम राख्नुपर्ने पहिलो मत रहेको छ। उनीहरूले 'किरात-लिम्बूवान-कोशी' वा 'लिम्बूवान-किरात-कोशी' नामकरण गर्ने राय व्यक्त गरे। त्यसबाहेक प्रदेशको नामकरण किरात, लिम्बूवान हुनुपर्छ भन्ने मत पनि बलियो छ। झापामा संवाद गरिएका आदिवासी जनजातिमध्ये राजवंशी समुदायले प्रदेशको नामकरण कोचिला राख्नुपर्नेमा जोड दिए। उक्त समुदायका एक प्रतिनिधिले संयुक्त सङ्घर्ष समितिमार्फत् आफ्नो माग पूरा नहुने भएकोले कोचिला सङ्घर्ष समिति गठन गरेर आन्दोलनमा लाग्ने बताए।

मोरङमा भेटिएका धिमाल समुदायका आन्दोलनकारीहरूले लिम्बूवान प्रदेशभित्र 'धिमाल स्वायत्त क्षेत्र' स्वीकार गर्न सकिने बताए। तर राजवंशी समुदायका आन्दोलनकारीहरूले भने विशेष वा स्वायत्त क्षेत्रको माग स्वीकार्य नहुने बताए। त्यस्तै शेर्पालुङलाई पनि स्वायत्त वा विशेष क्षेत्रका रूपमा राख्न सकिने मत आन्दोलनकारीको थियो। तर शेर्पा समुदायले विशेष वा स्वायत्त क्षेत्र सजिलै स्वीकार गर्नेमा भने आन्दोलनकारीले नै आशंका व्यक्त गरे। झापाका केही आन्दोलनकारीले प्रदेशभित्रका आदिवासी जनजातिको गोलमेच सम्मेलनमार्फत प्रदेशको नाम पहिचानको आधारमा निर्णय गर्नुपर्ने मत जाहेर गरे। प्रदेशको नामबारे आन्दोलनकारी समुदायकै पनि फरक-फरक राय हुनाले भविष्यमा पहिचानको आधारमा नामकरण गर्ने काम अझ जटिल हुन सक्ने अनुमान गर्न सकिन्छ।

## *दलमा आन्दोलनको असर*

कोशी प्रदेश नामकरणको पक्षमा मतदान गरेका राजनीतिक दलहरू नेकपा (माओवादी केन्द्र), नेपाली काँग्रेस, नेकपा (एमाले) भित्रका पहिचान पक्षधर नेता तथा कार्यकर्तामा असन्तुष्टि देखिन्छ। यी दलका कार्यकर्ता खुलेर आन्दोलनमा सामेल भए पनि नेता भने आन्दोलनमा प्रत्यक्ष रूपमा लागेका छैनन्। नेपाली काँग्रेसका एक जिल्ला सभापति भन्छन्, "पहिचानको आधारमा नै प्रदेशको नामकरण हुँदा पनि कुनै आपत्ति हुनुहुँदैनथ्यो। तर दलका शीर्ष नेतृत्वले यसलाई प्रतिष्ठाको विषय बनाए। केन्द्रले ह्वीप लगाएकोले नेपाली काँग्रेसका प्रदेशसभा सदस्यले कोशी प्रदेशमा मतदान गरेका हुन्। नामकरणको विषयमा जिल्ला नेतृत्वसँग छलफल हुनुपर्थ्यो तर कुनै सरसल्लाह नै भएन। त्यसैले हामीले विज्ञप्ति निकालेर पहिचानको पक्षमा समर्थन गरेका हौँ।" आन्दोलनमा उभार आएसँगै नेपाली काँग्रेस कोशी प्रदेशका १४ जिल्लाका सभापतिहरूले प्रदेशका नाममा पुनःविचार गर्न संयुक्त विज्ञप्तिमार्फत आग्रह गरेका थिए। सो विज्ञप्तिमा भनिएको थियो : "प्रदेश नं. १ को नाम कोशी राखिएकोमा गम्भीर आपत्ति जनाउँदै प्रदेशका जनता आन्दोलित भएकोप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। ... प्रदेशसभाले कोशी नाम राखेपछि जनताको ठूलो तप्काले अहिले विरोध गरिराखेका छन्। यो विरोधको सुनुवाइ नेपाली काँग्रेसको नेतृत्वले गर्नुपर्छ।"

पहिचानको मुद्दा आफूले अगाडि सारे पनि अन्तिममा प्रदेशको नामकरण हुँदा पहिचानको विपक्षमा मतदान गर्नु गल्ती भएको नेकपा (माओवादी केन्द्र) की एक प्रदेशसभा सदस्यले बताइन्। पहिचानको एजेण्डा नेकपा (माओवादी केन्द्र) ले ल्याए पनि पहिचानको आधारमा नाम के राख्ने भन्ने विषयमा दलभित्र कहिल्यै गम्भीर छलफल तथा तयारी नभएको उनको

भनाइ थियो । उनका अनुसार नेकपा (माओवादी केन्द्र) ले पहिचानको पक्षमा दह्रो अडान लिन सकेको भए नेपाली काँग्रेसका पहिचान पक्षधर प्रदेशसभा सदस्यलाई पनि कोशी नामकरणविरुद्ध उभिन दबाब पर्थ्यो । परिणामतः कोशी नामकरण विरुद्ध प्रदेशसभामा फरक परिस्थिति  निर्माण हुन्थ्यो भन्ने उनको जिकिर थियो ।

अध्ययनको क्रममा भेटिएका नेकपा (एमाले) का नेता तथा प्रदेशसभा सदस्यहरूबीच भने कोशी नामकरणको पक्षमा समान धारणा पाइन्थ्यो । कोशी जलाधार क्षेत्रभित्र सबै जातजातिको साझा सभ्यताको विकास भएको हो भन्ने उनीहरूको तर्क थियो । नेकपा (एमाले) का एक नेताले भने, "अन्य दलले जस्तो कोशी प्रदेश राखेर कमजोरी भयो, पुनःनामकरण हुनुपर्छ भन्ने पक्षमा हामी छैनौँ । तर पहिचान पक्षधरसँग यसबारे छलफल गर्न तयार छौँ ।" यद्यपि, कोशी प्रदेश नामकरण भएपछि यसविरुद्ध दलको बैठकमा प्रश्न भने उठेको उनले स्वीकारे । आन्दोलनमा पहिचानकै पक्षमा उभिए पनि केन्द्रीय नेतृत्वको रवैयाका कारण जसपाका कार्यकर्तामा व्यापक असन्तुष्टि पाइयो । पहिचान पक्षधरको समर्थनलाई जसपाले आफ्नो पक्षमा पार्न नसकेको उनीहरूको गुनासो थियो । "केन्द्रमा जसपा सरकारमा छ । यहाँ जसपाका कार्यकर्ता आन्दोलनको नेतृत्व गरिराखेका छन् । दलको बैठकमा बोलाउँदा पनि कार्यकर्ता आउन छोडेका छन् । केन्द्रीय सरकारमा बसेर पहिचानको आन्दोलनलाई कमजोर बनाएको आरोप बैठकमा आउने कार्यकर्ताले लगाउँछन्", जसपाका एक जिल्ला अध्यक्षले भने । आन्दोलनको प्रभाव स्वरूप समाजवादी मोर्चाले प्रदेश राजधानी विराटनगरमा आयोजना गरेको एक कार्यक्रमको ब्यानरमा प्रदेश समिति मात्र उल्लेख गरेको थियो । मोर्चामा रहेका जसपा, नेकपा (एकीकृत समाजवादी), नेकपा (माओवादी केन्द्र) का नेताहरूले ब्यानरमा कोशी लेख्ने वा नलेख्ने विषयमा मतान्तर भएपछि प्रदेश समिति मात्र लेखिएको थियो । मोर्चाका प्रचार सामग्रीमा पनि कोशी प्रदेश लेखिएको छैन ।[१६]

## ७. संघीयता कार्यान्वयनमा सम्भावित परिदृश्यहरू

अहिले कोशी प्रदेशसभामा छ राजनीतिक दलको प्रतिनिधित्व भए पनि कसैको स्पष्ट बहुमत छैन । प्रदेशसभाभित्र जटिल अंक गणितले प्रदेश सरकार निर्माणको कार्य चुनौतीपूर्ण बनेको हो । कोशी प्रदेशमा सरकार गठन गर्न प्रदेशसभा भित्रका राजनीतिक दलहरूबीच अधिकतम सहमति एवं सहकार्य आवश्यक छ । तर, राजनीतिक दलका प्रदेशस्तरीय नेतृत्वका साथै

[१६] बाह्रखरी । २०८० । कोशी नामकरण विवाद : प्रधानमन्त्री  सहभागी सभाको ब्यानरमा प्रदेशको नाम नै छैन । २५ भदौ । https://baahrakhari.com/detail/399336 मा उपलब्ध; भदौ २६, २०८० मा हेरिएको ।

प्रदेशसभा सदस्य प्रदेशको आवश्यकताअनुसार विवेक प्रयोग गरेर सरकार निर्माण गर्न असक्षम रहेका छन् । प्रदेश सरकार फेरबदलमा दलको केन्द्रीय नेतृत्वको स्वार्थ हावी भएकोले केन्द्रीय सत्ता गठबन्धनको प्रत्यक्ष असर प्रदेश सरकारमा पनि परेको छ । यसले गर्दा एक वर्ष पनि नपुग्दै पाँचौँ पटक मुख्यमन्त्री फेरिएका छन् । अझै पनि अन्यौल सकिएको छैन । सत्ता राजनीतिलाई मात्र केन्द्रमा राखेर गरिएका दाउपेचले संवैधानिक व्यवस्था तथा संसदीय अभ्यासको पनि उल्लङ्घन भएको छ । प्रदेशसभाका सभामुख र उपसभामुखले पनि निष्पक्ष र तटस्थ भएर आफ्नो संवैधानिक भूमिका निर्वाह गर्न नसक्दा सत्ता राजनीति थप गिजोलिन पुगेको छ । यस कार्यले पदीय मर्यादालाई कमजोर बनाउनुका साथै संवैधानिक जटिलता निम्त्याएर प्रदेशको महत्त्वलाई कमजोर बनाउन सघाएको पनि बताइयो ।

यसरी कोशी प्रदेशमा सत्ता प्राप्तिको लागि भएका दाउपेचका सम्बन्धमा विराटनगरका एकजना राजनीतिक विश्लेषकले टिप्पणी गर्दै भने, “संसदीय प्रणालीमा सत्तामा जानलाई सदनमा अंक गणित जुटाउन दलबीच प्रतिस्पर्धा हुनु सामान्य हो । त्यस्तो अभ्यास संवैधानिक दायरा र संसदीय मूल्य मान्यताको परिधिभित्र रहेर गरिनुपर्छ । तर, कोशी प्रदेशमा सरकार गठन र विघटनमा जे जस्ता कार्य भैराखेका छन् त्यसले संघीयता विरोधीलाई नै फाइदा पुग्छ । प्रदेशको औचित्यमाथि प्रश्न उठाएर संघीयताविरोधी जनमत बढाउन यस्ता कार्यले सहयोग गर्छ ।”

अस्थिर सरकारको प्रत्यक्ष असर बजेट निर्माण तथा कार्यान्वयनमा परेको छ । कोशी प्रदेश केही समय बजेट शून्यतामा रह्यो । तत्कालीन मुख्यमन्त्री हिक्मतकुमार कार्कीले चालु बजेट अधिवेशन जेठ ३१, २०८० मा अन्त्य गरेर जेठ ३२, २०८० मा चालु आर्थिक वर्षका लागि बजेटसम्बन्धी अध्यादेश पहिलो पटक ल्याएका थिए । उक्त अध्यादेशको प्रतिस्थापन विधेयक पूर्वमुख्यमन्त्री उद्धव थापाले ल्याउन नसकेपछि प्रदेश बजेट शून्यतामा गएको थियो । यसैबीच प्रदेशसभाले प्रदेशको नाम कोशी पारित गरेपछि उक्त नाम खारेज गरी जातीय/समुदाय, भाषिक, साँस्कृतिक, भौगोलिक, क्षेत्रगत एवं ऐतिहासिक निरन्तरताको आधारमा पहिचानसहित प्रदेशको पुनःनामकरण गर्नुपर्ने माग राखेर आन्दोलन उठेको छ । आन्दोलनको मागलाई सम्बोधन गर्न कोशी प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलहरूको सर्वदलीय वार्ता समिति बनाएर अघि बढ्नुपर्ने केही आन्दोलनकारीको राय छ । यसले कोशी नामकरणका पक्षधर र पहिचान पक्षधरबीच थप ध्रुवीकरण रोक्न मद्दत गर्छ । तर, त्यसतर्फ पनि कुनै प्रगति हुन सकेको छैन । अर्कोतर्फ, स्थिर सरकार नभएकोले प्रदेशसभाले कुनै बिजनेस पाएको छैन । सभाले आफ्नै कार्यसञ्चालनसम्बन्धी ऐनसमेत निर्माण गर्न सकेको छैन । सरकार गठन र विघटनमा अल्झिरहँदा प्रदेशसभाले अपेक्षित गति लिन सकेको छैन । यसले प्रदेश संरचना

खर्चिलो भएकोले यसको आवश्यकता छैन या संघीयताकै काम छैन भन्ने भाष्य बोकेका व्यक्तिलाई खुराक दिएको छ ।

कोशी नामकरणपछि नेपाली काँग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) र जसपा जस्ता दलप्रति कार्यकर्तामा वितृष्णा बढेको बताइयो । त्यसैले अंक गणितका हिसाबले प्रदेशमा सरकार निर्माण जटिल भए पनि राजनीतिक दलहरू मध्यावधि निर्वाचन टार्न चाहेको उत्तरदाताले बताए । अर्कोतर्फ, आउँदो निर्वाचनमा कोशी प्रदेशमा पहिचान पक्षधरको क्षेत्रीय दल निर्माण गर्नुपर्छ भन्ने बहस घनीभूत रूपमा भइराखेको छ । मंसिर २०७९ मा भएको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा सुदूरपश्चिम प्रदेशमा नागरिक उन्मुक्ति पार्टीले प्राप्त गरेको सफलताबाट पहिचान पक्षधरहरू निकै हौसिएको पाइन्छ । दलहरूले प्रादेशिक संरचना अवलम्बन गरे पनि महत्त्वपूर्ण निर्णय केन्द्रीय तहबाट हुने कार्यले प्रदेशले स्वायत्त रूपमा काम गर्न नसक्दा संघीयता पक्षधरमा क्षेत्रीय पार्टी निर्माण गर्ने कुरामा थप बल प्रदान गर्न सक्छ । पहिचान पक्षधर नेताहरूका अनुसार, पहिलो प्रयास पहिचान पक्षधरहरूको क्षेत्रीय दल निर्माण गर्ने, त्यो प्रयास असफल भएमा पहिचान पक्षधरहरूको मोर्चा बनाउने रहेको छ । आगामी प्रदेशसभा निर्वाचनमार्फत् प्रदेशसभामा बलियो उपस्थिति बनाएर प्रदेशसभाबाट नै कोशी नाम खारेज गर्न दबाब सिर्जना गर्ने रहेको छ । अर्को, पहिचानको पक्षमा निरन्तर आन्दोलन गर्ने र त्यसकै बलबाट राजनीतिक निर्णय गरेर कोशी प्रदेश खारेज गर्ने मत पनि पाइन्छ ।

संघीय सरकारले संघीयता कार्यान्वयनका लागि आवश्यक संघीय निजामती सेवा ऐन, प्रहरी समायोजन ऐन निर्माण अझै पनि गर्न सकेको छैन जसका कारण संघीय सरकारले थोपरिदिएको अस्थायी संरचनामा नै भर परेर प्रदेशले कार्य गरिराखेको छ । कोशी प्रदेश लगायतले आफ्नो मौलिकता र आवश्यकता अनुसारको प्रदेश संरचना निर्माण गर्न सकेको छैन । संघीयताको मर्मअनुसार दोस्रो प्रदेशसभा र कोशी प्रदेश सरकारले केन्द्रीकृत शासन व्यवस्थाभन्दा फरक तरिकाले प्रदेश संरचनाको निर्माण कसरी गर्छ ? त्यो कार्य प्रदेशको उपदेयता पुष्टि गर्न महत्त्वपूर्ण सावित हुन्छ । प्रदेशले यी चुनौतीहरूसँग जुधिरहेको अवस्थामा स्थिर र समृद्ध भविष्यको खोजीमा संवैधानिक मान्यता, संसदीय मर्यादा, स्वायत्त र निष्पक्ष शासनको महत्त्वलाई जोड दिनुपर्ने देखिन्छ । कोशी प्रदेशका लागि मात्र नभई नेपाली सङ्घीयताको प्रभावकारी कार्यान्वयनका लागि पनि यी गतिशिलतालाई सूक्ष्म रूपमा बुझ्न आवश्यक छ ।

प्रदेशसभा सदस्य प्रदेशको आवश्यकताअनुसार विवेक प्रयोग गरेर सरकार निर्माण गर्न असक्षम रहेका छन् । प्रदेश सरकार फेरबदलमा दलको केन्द्रीय नेतृत्वको स्वार्थ हावी भएकोले केन्द्रीय सत्ता गठबन्धनको प्रत्यक्ष असर प्रदेश सरकारमा पनि परेको छ । यसले गर्दा कोशी प्रदेशमा प्रदेशसभा निर्वाचन भएको एक वर्ष पनि नपुग्दै पाँचौँ पटक मुख्यमन्त्री फेरिएका छन् । सरकार फेरबदलका लागि अपनाइएका हत्कण्डा र प्रक्रियाबारे जनस्तरमा आलोचना त भएकै छ, सत्ता राजनीतिलाई मात्र केन्द्रमा राखेर गरिएका दाउपेचले संवैधानिक व्यवस्था तथा संसदीय अभ्यासको पनि उल्लङ्घन भएको छ । यसैबीच प्रदेशसभाको दुई तिहाइ बहुमतबाट पारित कोशी प्रदेश नामकरणको विषय पनि विवादास्पद बन्यो । अर्कोतर्फ, प्रदेश सरकारले संघीयताको मर्मबमोजिम र जनअपेक्षाअनुरूप कार्य गर्न नसकेको आक्षेप पनि छँदैछ । अस्थायी संरचनामार्फत् थोरै कर्मचारी लिएर सीमित ऐनकानूनको परिधिमा कार्यसञ्चालन गरेको प्रदेशमाथि धेरै अपेक्षा राख्नु मनासिव नहुने तर्क पनि उठेका छन् । प्रदेशले यी चुनौतीसँग जुधिरहेको अवस्थामा स्थिर र समृद्ध भविष्यको खोजीमा संवैधानिक मान्यता, संसदीय मर्यादा, स्वायत्त र निष्पक्ष शासनको महत्त्वलाई जोड दिनुपर्ने देखिन्छ ।

DEMOCRACY
RESOURCE CENTER

**डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल**

www.democracyresource.org